# पाँचथर जिल्ला अदालत

फिदिम, पाँचथर

पत्र संख्या : ०८०/८१
चलानी नं. :

सम्पर्क नं. :- ०२४-५२२१९५
इमेल : Info.dcpanchthar@supremecourt.gov.np

मिति : २०८१।०२।०९

**विषयः-फर्निचर आपूर्ति सम्बन्धि सिलबन्दी बोलपत्र आव्हानको सूचना ।**

(प्रथम पटक प्रकाशित सूचना मितिः २०८१।०२।०९)

यस अदालतको चालु आ.व. २०८०/०८१ को लागि निम्न बमोजिमको सामाग्री आपूर्ति गर्न सार्वजनिक खरिद ऐन, २०६३ को दफा ११ तथा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ बमोजिम खरिद गर्नुपर्ने भएकोले ईच्छुक निर्माण व्यवसायी सप्लायर्स फर्महरुबाट निम्न शर्तहरुको अधीनमा रही सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिलः

१.ईच्छुक उत्पादक निर्माण व्यावसायी तथा सप्लायर्सहरुले इजाजत-पत्र, स्था.ले.नं.र आयकर/भ्याट दर्ता, र आ.व. २०८०/०८१ को कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपीहरु समावेश गरि निवेदन दिई बोलपत्रको दस्तुर रु.३,०००।- (तीन हजार मात्र) नेपाल बैंक लिमिटेड शाखाको कोड नं. ११००१ खाता नं. पाँचथर जिल्ला अदालतको राजस्व शिर्षक नम्वर १४२२९ अन्य प्रशासनिक सेवा शुल्क मा पछि फिर्ता नहुने गरि दाखिला गरेर यस अदालतबाट बोलपत्र फाराम खरिद गर्न सकिनेछ ।

२.यो सूचना प्रकाशित भएको मितिले ३०(तीस)औं दिनसम्ममा कार्यालय समयभित्र बोलपत्र खरिद गरि ३१(एकतीस) दिनको १२.०० बजेभित्र यस अदालतमा दाखिला गरिसक्नु पर्नेछ । सो दिन सार्वजनिक विदा परेमा सम्पूर्ण कार्यहरु सोको भोलिपल्ट हुनेछ ।

३.सिलबन्दी बोलपत्र पेश गर्दा बोलपत्रदाताको ग्राह्यता सम्बन्धी आधार प्रमाणित गर्ने सम्पूर्ण कागजातहरुको नोटरी प्रमाणित प्रतिलिपी समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ।

४.सिलबन्दी बोलपत्र फाराम राखिएको खाम बाहिर "अदालतको नाम, कामको विवरण र ठेक्का नं." समेत लेखी सिलबन्दी लाहाछाप गरिएको हुनुपर्नेछ।

५.यसरी दर्ता हुन आएका सिलबन्दी बोलपत्रहरु ३१ औं दिनको सोहि दिन २.०० बजे अदालतको प्रतिनिधिहरु र बोलपत्रदाताहरुको रोहवरमा खोलिनेछ। बोलपत्रदाताहरु अनुपस्थित रहेमा पनि सिलबन्दी बोलपत्र खोल्न वाधा पर्ने छैन।

६.सिलबन्दी बोलपत्र पेश गर्नेले धरौटी रकम वापत यस अदालतको नाममा नेपाल बैंक लिमिटेड शाखाको कोड नं.क.२-३-धरौटी खाता नं. ०६७०१०००००२००३०००००१ मा दाखिला गरेको सक्कलै बैंक भौचर वा यस अदालतको नाममा नेपाल सरकारबाट मान्यता प्राप्त बैंकबाट बोलपत्रको १२० (एक सय बीस) दिनको मान्य अवधि रहने गरी जारी भएको बैंक जमानत (बैंक ग्यारेण्टी) पेश गर्नुपर्नेछ। धरौटी रकम नगद जम्मा गर्नेको नाममा अनिवार्य रुपमा कम्पनि वा फर्मको नाम लेख्नुपर्नेछ र कुनै व्यक्तिको नाममा जम्मा भएको धरौटी मान्य हुनेछैन।

७.सिलबन्दी बोलपत्र स्वीकृतीको जानकारी भएपछि स्वीकृत बोलपत्रदाताले खरिद सम्झौता गर्दा कबोल गरेको अङ्कको सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११० बमोजिम हुन आउने धरौटी रकम वा नगद जम्मा गरेको सक्कलै बैंक भौचर वा यस अदालतको नाममा मान्यता प्राप्त बैंकले जारी गरेको कार्य सम्पादन जमानत पेश गरी स्वीकृत भएको कानूनका म्याद भित्र सम्झौताको लागि अदालतमा उपस्थित हुनुपर्नेछ।

८.सिलबन्दी बोलपत्रमा उल्लेखित परिमाणको सामाग्री आपूर्ति गर्ने प्रयोजनार्थः पाँचथर जिल्ला अदालत, फिदिमसम्म ढुवानी गर्नुपर्नेछ।

९.कवोल रकम उल्लेख गर्दा तोकिए बमोजिम लेख्नुपर्नेछ ।अङ्क र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

१०.कुनै शर्त राखी पेश गरिएको सिलबन्दी बोलपत्र स्वीकार गर्ने वा नगर्ने सम्पूर्ण अधिकार अदालतमा सुरक्षित रहनेछ।

११.सूचनाको शर्त विपरित भएको अदालतबाट उपलब्ध गराएको बोलपत्र फाराममा कुनै थपघट गरिएको, रीत नपुगेको, म्याद नाघी पेश हुन आएको बोलपत्र उपर कारवाही गरिनेछैन ।

१२.सूचनामा उल्लेख भएकोमा सोही बमोजिम र अन्यको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ बमोजिम हुनेछ ।थप बुझ्नु परेमा सम्पर्क नं. ९८४४६७१४३३ मा सम्पर्क राख्न सक्नुहुनेछ।

१३.खरिद गरिने सामाग्री आपूर्तिको स्पेशिफिकेशन सम्बन्धी विवरण विड डकुमेन्टमा संलग्न राखिनेछ ।

१४.उल्लेखित सूचनामा आवश्यक कुराहरु संशोधन गर्नुपर्ने भएमा अदालतको सूचना पाटीमा टाँस गरिनेछ ।

निम्नः-

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रु. भ्याटसहित | धरौटी रकम रु. | दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|
| DC/F/NCB/W/2080/081-01 | विभिन्न किसिमका फर्निचर निर्माण तथा आपूर्ति | २८,७८,५५५/- | ६०,०००/- | ३,०००/- | |

प्रशासकीय
उप-सचिव